प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**बागमती प्रदेश कार्यालय**

हेटौंडा, मकवानपुर

# डिप्लोमा/प्रमाणपत्र तह अन्तर्गत वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०७९/०५/३१)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीको मिति २०७९/०४/१२ र २०७९/०५/०८ गते गोरखापत्र राष्ट्रिय दैनिक तथा परिषद्को वेब साइटमा प्रकाशित सूचना अनुसार शैक्षिक सत्र २०७९/०८० का लागि डिप्लोमा/प्रमाणपत्र तहमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ मिति २०७९/०५/१८ गते बिहान ८:०० बजे बागमती प्रदेश भित्रका बिभिन्न परीक्षा केन्द्रहरूमा सञ्चालित प्रवेश परीक्षामा सम्मिलित परीक्षार्थीहरूमध्येबाट "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०७९" मा भएको व्यवस्था बमोजिम योग्यताक्रमानुसार सफल उम्मेद्‌वारहरूलाई भर्ना हुन जाने शिक्षण संस्था समेत सिफारिस गरी नतिजा प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ। साथै आवश्यक कागजात अपलोड नगरेका तथा परीक्षामा अमर्यादित क्रियाकलाप गरी कारवाहीका लागि सिफारिस भई परीक्षा रद्द हुन पुगेका परीक्षार्थीहरू र निर्देशिकाको परिच्छेद ३, बुँदा नं. ११ (ग) मा भएको व्यवस्था अनुसारको उत्तीर्णाङ्क ३५ भन्दा कम अंक प्राप्त गरेका परीक्षार्थीहरू नतिजा सूचीमा समावेश नभएको व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

छनौट भएका मुख्य उम्मेद्‌वारहरूले यसै सूचनालाई आधार मानी सिफारिस गरिएको शिक्षण संस्थामा नतिजा प्रकाशन भएको मितिले दश दिन (मिति २०७९/०६/०९ गते) भित्र कार्यालय समयमा आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता प्रमाणपत्र, लक्षित वर्गमा छनौट भएको भए सो को प्रमाणपत्र, प्रवेश पत्र र नतिजाको प्रतिलिपि सहित भर्ना भई सक्नु पर्नेछ। सम्बन्धित शिक्षण संस्थाहरूले यसै सूचनालाई आधार मानी सिफारिस भई आएका विद्यार्थी भर्ना गर्नु गराउनु हुन सूचित गरिन्छ। तोकिएको मिति र समय भित्र विद्यार्थी भर्ना हुन नआई कोटा रिक्त भएमा **भर्ना हुन नआएको उम्मेद्‌वारको नाम, अनुमती नं./सिम्बोल नं. र सिफारिस भएको कोटा समेत** उल्लेख गरी भर्नाको म्याद सकिएको मितिले तीन दिन (मिति २०७९/०६/१२ गते) भित्र यस कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा र सो को बोधार्थ परीक्षा नियन्त्रण कार्यालयको इमेल ठेगाना oce.ctevt@gmail.com मा अनिवार्य रुपमा पठाउनुहुन अनुरोध छ।

ग्रेड बृद्धिकोलागि एस.ई.ई.को मौका परीक्षामा सामेल भई नतिजा प्रकाशन नभएका परीक्षार्थी छात्रवृत्ति कोटामा सिफारिस भई आएको खण्डमा सम्बन्धित शिक्षण संस्थाले निजसँग आवश्यक ग्रेड बृद्धि नभएमा मेरो भर्ना रद्ध गर्न मञ्जुर छु भनी कबुलियतनामामा गराई भर्ना गर्न सक्नेछन्। ग्रेड बृद्धि परीक्षाको नतिजामा परिषद्ले तोकेको ग्रेड पूरा नगर्ने विद्यार्थीहरूको भर्ना तुरुन्त रद्द गरी रिक्त हुन आएको कोटाको जानकारी प्रदेश कार्यालयलाई यथाशीघ्र गराउनु पर्नेछ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरूमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेसन नहुने व्यहोरा समेत सूचित गरिन्छ। वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फ रिक्त रहन गएका कोटा सम्बन्धी जानकारी यस कार्यालयलाई समयमा उपलब्ध नगराउने शिक्षण संस्थालाई परिषद्को भर्ना सम्बन्धी निर्देशिका अनुसार भै जाने व्यहोरा समेत जानकारी गराइन्छ।

निर्देशक